
# कमलामाई नगरपालिका

## सिन्धुली

### परिचय

नेपालको प्रसिद्ध कमला नदीको उद्‌गमस्थलमा रहेको कमलामाई देवीको नामलाई समाविष्ट गरी वि.सं. २०५३ मा तत्कालीन सिद्देश्वर र भिमान गा.वि.स. लाई समायोजन गरी घोषित कमलामाई नगरपालिका रोमन, सिन्धु, पर्सियन सभ्यता जस्तै मानव विकास क्रममा सिन्धुलीवासीको मौलिक परम्परा, सांस्कृतिक, सामाजिक संरचनालाई जगेर्ना गर्दै एउटा शहरी वातावरणलाई अत्यावश्यकिय सबै खाले पुर्वाधारहरुको जोडजाम, वन्दोवस्ती सहित परिवर्तनको संवाहक भई २०५.१२ वर्ग कि.मी. क्षेत्रफलमा फैलिई १८ वटा वडामा विभक्त कमलामाई नगरपालिका वि.सं. २०७३ मा राज्य पुनः संरचनाको क्रममा साविक डाडी गुराँसे, भद्रकाली, जलकन्या, रानीचुरी र रानीवास गा.वि.स. समायोजन भई १४ वटा वडामा विभक्त छ । यसरी नवगठित कमलामाई नगरपालिकाले ४८२.५७ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ भने यस नगरपालिकामा करिव ६५०६४ जनसंख्या रहेको छ ।




| हालको वडा | साविक गाविस | साविक वडा |
|---|---|---|
| १ | डाँडीगुराँसे | १-९ |
| २ | भद्रकाली | १-९ |
| ३ | जलकन्या | १-९ |
| ४ | कमलामाई | १,२,५,९ |
| ५ | कमलामाई | ४ |
| ६ | कमलामाई | ६ |
| ७ | कमलामाई | ७,८ |
| ८ | कमलामाई | ३,१० |
| ९ | कमलामाई | ११,१२,१४ |
| १० | कमलामाई | १३,१५-१८ |
| ११ | रानीचुरी | १-३,५ |
| १२ | रानीचुरी | ४,६-९ |
| १३ | रानीवास | १-३,८,९ |
| १४ | रानीवास | ४-७ |

संघीय संरचना पश्चात यसै सन्दर्भमा २०७४ बैशाखमा सम्पन्न स्थानिय तहको निर्वाचन पश्चात जनप्रतिनिधीको बहाली भएपछि नगरपालिकाले लिएको नीति तथा कार्यक्रम अनुसार एक वर्षको अवधीको कार्य प्रगति बुँदागत रुपमा देहाय बमोजिम नगरवासीहरु समक्ष प्रस्तुत गरिएको छ ।

## सम्पादन गरिएका कार्यहरु

१. "नगरवासीको चाहाना, उज्यालो नगर हाम्रो कामना" भन्ने उद्देश्यका साथ 'उज्यालो वडा कार्यक्रम' अन्तर्गत वडा नं. ७, ८ र १० मा विद्युतिकरणको कार्य भई रहेको ।

२. कमलामाई नगरपालिका, वडा नं. ६ मा रहेको बसपार्क निर्माण अन्तर्गत प्रथम चरणको कार्य सम्पन्न भई सकेको ।

३. नगरपालिकाबाट निस्कने फोहरमैला व्यवस्थापनको लागी वडा नं. ५ क्वान्द्रे खोल्सी सिरमा फोहरमैला निकास स्थल अन्तर्गत चालु आ.व. मा गर्ने गरी स्वीकृत भएको कार्य अन्तिम चरणमा पुगेको ।

४. प्रथम नगरसभामा पेश भए अनुसार कमलामाई नगरपालिका वडा नं. २ चियावारीबाट गोलन्जोर गाउँपालिका वडा नं. ७, खुर्कोटसम्म सुरुङ्मार्ग निर्माणको कार्यक्रम नेपाल सरकारको आगामी आ.व. २०७५/०७६ को वजेटमा समावेश भएको ।

५. ऐतिहासिक सिन्धुलीगढीको संरक्षण एवं पुनः निर्माणको लागी गैर आवासिय नेपाली संघसँग सम्झौता भई गुरुयोजना तयारीको कार्य भई रहेको छ भने युद्धमा साहदत प्राप्त सैनिकहरुको सम्झनामा स्तम्भ निर्माणको कार्य सम्पन्न भएको छ यसै गरी तारबार घेराबेराको लागी पोल गाड्ने कार्य अन्तिम चरणमा पुगेको ।

६. नगरपालिकाको योजनावद्ध विकासको लागी "बृहत/एकीकृत शहरी विकास योजना" तयारीको लागी परामर्शदाता छनौट भई कार्य अगाडी बढि रहेको ।

७. कमलामाई नगरपालिकाबाट गोलन्जोर गाउँपालिका जोड्ने कमलामाई न.पा. वडा नं. ७ को बुद्धनगरबाट वडा नं. १२ को जिर्घा खोलासम्म कालोपत्रे सडक निर्माण र वडा नं.-७, पेट्रोल पम्प-मित्रचोक-खैरेनी-दूम्की-सिम्ले-बाँसकटेरी-चिसान्त भञ्ज्याङ्सम्मको वैकल्पिक सडक निर्माणको लागी विस्तृत आयोजना प्रतिवेदन तयारीको लागी सर्भेक्षणको कार्य सम्पन्न भई प्रतिवेदन तयारीको कार्य भई रहेको ।

८. उद्योग वाणिज्य संघसँगको सहकार्य तथा समन्वयमा कमलामाई नगरपालिकालाई प्लाष्टिक झोलामुक्त नगर बनाउनको लागी आवश्यक कार्य अगाडी बढिसेकेको ।

९. नगरपालिकाको मुख्य बजार मध्ये प्रथम चरणमा माढीबवजार प्लट नं. १, २ र स्टलबजार क्षेत्रमा फोहर संकलनको कार्य बेलुका गर्ने गरी उद्योग बाणिज्य संघको सहकार्यमा कार्य अगाडी बढाइएको ।

१०. वि.वि. राजमार्ग र हेटौंडा-चतरा सडकको समस्या समाधानको लागी आवश्यक छलफल तथा पहलकदमीको कार्य भई रहेको ।

११. सुनकोशी मरिण डाइभर्सनको कार्यको प्रतिवेदन तयारीको कार्य अगाडी बढिसेकेको ।

१२. वडा नं. ५ मधुटार तथा वडा नं. ६ माढीबजारमा कार्य शहरी विकास तथा भवन निर्माण विभागको सहकार्यमा सडक कालोपत्रेको कार्य अगाडी बढी सकेको ।

१३. वडा नं. ८ को कमला माइस्थान पुलबाट तिनतले रातोभिर पाथिपरान हुँदै सर्लाहीको ईश्वरपुर नगरपालिका जोड्ने सडक निर्माणको लागी ट्र्याक खोल्ने कार्य सम्पन्न भएको ।

१४. नगरपालिकाभित्र रहेको नदी तथा खोलाहरुमा रहेका नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् तथा संकलनको लागी प्रारम्भिक वातावरणिय परिक्षण (IEE) को कार्य सम्पन्न भई सकेको ।

१५. वि.सं. २०७५ लाई सरसफाई वर्षको रुपमा लिई सरसफाई सम्बन्धी आवश्यक गतिविधी संचालन भई रहेको ।

१६. मोतिविन्दु समस्याबाट ग्रसित नगरवासीहरुको आँखा उपचारको लागी नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा भएको आँखा शिविरमा पुरुष ३१ र महिला ४४ गरी ७५ जनाको आँखाको सफल शल्यक्रिया कार्य सम्पन्न भएको ।

१७. नगरपालिकाको अनुदान सहयोग तथा नेपाल रेडक्रस सोसाइटी, सिन्धुलीको सहकार्यमा शव बाहन खरिद गरी संचालनको लागी नेपाल रेडक्रस सोसाइटी, सिन्धुली शाखालाई हस्तान्तरणको कार्य भएको ।

१८. महिलाहरुमा हुने आँङ् खस्ने समस्या समाधानको लागी सिन्धुली अस्पतालसँगको सहकार्यमा १८ जना महिलाको सफल शल्यक्रिया कार्य सम्पन्न भएको ।

१९. नगरक्षेत्र भित्र विपद्मा परि ज्यान गुमाएकाको परिवारलाई प्रतिव्यक्ति रु. १० हजार उपलब्ध गराउने नीतिगत निर्णय गरीएको ।

२०. मानव अधिकारको लागी महिला एकल महिला समूहसँगको सहकार्यमा वडा नं. ६ मा बाखा खरिद तथा वितरण कार्यक्रम संचालन ।

२१. पंचेबाजा तथा मादल मुरली जस्ता लोपोन्मुख बाजा संरक्षण तथा प्रबर्द्धन उपभोक्ता समिति वडा नं. ६ मार्फत पंचेबाजा तथा मादल मुरली जस्ता लोपोन्मुख बाजा संरषण तथा प्रबर्द्धनको कार्य भएको ।

२२. ग्रामिण आर्थिक सशक्तिकरण समाज, सिन्धुलीसँगको सहकार्यमा वडा नं. ११ मा व्यवसाय सचेतना तथा दुना टपरी निर्माण उद्योग संचालन भएको छ भने वडा नं. ११ मा नै महिला स्वास्थ्य सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

२३. नेपाल रेडक्रस सोसाइटी सिन्धुली शाखासँगको सहकार्यमा ब्लड बैंक व्यवस्थापनमा सहयोग भएको ।

२४. रानीचुरी बाखा श्रोत विकास समिति, सिन्धुलीको सहकार्यमा वडा नं. ६ मा बाखा श्रोत केन्द्र संचालन गरिएको ।

२५. वडा नं. १ मा नेपाल जेष्ठ नागरिक जिल्ला संघ, सिन्धुलीको सहकार्यमा जेष्ठ नागरिकहरुमा हुने अल्जाइमर रोगको प्रशिक्षण कार्यक्रम भएको ।

२६. सिन्धुली ब्याडमिण्टन संघको सहकार्यमा प्रथम मेयर कप खुला भेट्रान्स ब्याडमिण्टन प्रतियोगिता सम्पन्न भएको ।

२७. विश्व मितेरी नेपाल, जिल्ला शाखा सिन्धुलीको सहकार्यमा वडा नं. ९ मा स्वास्थ्य शिविर संचालन र महिलाहरुको प्रजनन स्वास्थ्य कार्यक्रम भएको ।

२८. प्राङ्वोला छारन्हान, सिन्धुलीको सहकार्यमा तामाङ् मातृभाषामा कविता प्रतियोगिता, २०७४ वडा नं. ६ मा सम्पन्न भएको ।

२९. वडा नं. ९ मा महिलाहरुको लागी क्षमता अभिवृद्धि तर्फ पोषण तथा क्षमता अभिवृद्धि र दलित समुदायको क्षमता अभिवृद्धि तर्फ बाखा र सुंगुर पालन कार्यक्रम संचालन भएको ।

३०. वडा नं. ४ मा परिवर्तन जागरण क्लब, सिन्धुलीको सहकार्यमा मौलिक संस्कृति झल्कने र विभिन्न जातजातिको भेषभुषाको पोशाक खरिद र कला जागरण अभियान संचालन भएको साथै सिन्धुली वाङ्मय प्रतिष्ठान आँसुमतिटारको सहकार्यमा बालक्लब बालहित संरक्षण कार्यक्रम संचालन भएको ।

३१. कालिका प्रा.वि., पोखेलगाउँ, वडा नं. ४ मा बाल विकास कार्यक्रम र विद्यालय व्यवस्थापन कार्यक्रम र जनमुखी प्रा.वि., ढाँडेमा शिक्षा तथा पोषण कार्यक्रम  संचालन भएको ।

३२. वडा नं. १४ मा महिलाहरुको लागी सिपमुलक र सो तालिमको लागी आवश्यक ५० वटा सिलाई मेसिन खरिद गरि ८४ जना महिलाहरुले सिपमुलक तालिम लिई रहेको ।

३३. वडा नं. १२ मा लघु उद्यम क्षमता विकास कार्यक्रम र सम्भावनाको उदय बाल क्लबको सहकार्यमा बाल संजाल नेतृत्व विकास पुरस्कार कार्यक्रम संचालन भएको ।

३४. वडा नं. ७ मा बुद्धनगर महिला सञ्जालको सहकार्यमा क्षमता अभिवृद्धि तथा अभिमुखिकरण कार्यक्रम भएको ।

३५. बाल संरक्षण तथा सम्बर्द्धन समिति वडा नं. ११ को सहकार्यमा बाल संरक्षण कोष र असहाय तथा जेहेन्दार विद्यार्थी प्रोत्साहन कार्यक्रम संचालन ।

३६. बुद्ध जयन्तिको अवसरमा वडा नं. ७, उर्गेन छोलिङ् गुम्बामा पुजापाठ एवं विभिन्न रचनात्मक सिर्जनात्मक कार्यक्रम सम्पन्न भएको ।

३७. स्वतन्त्र विद्यार्थी युनियन, सिद्धज्योति क्याम्पस, वडा नं. ५ को सहकार्यमा प्रथम नगर स्तरिय मेयरकप भलिबल प्रतियोगिता संचालन सम्पन्न भएको ।

३८. स्वतन्त्र विद्यार्थी युनियन, गौमति बहुमुखी क्याम्पस, वडा नं. ६को सहकार्यमा गौमित बहुमुखी क्याम्पसमा इन्टरनेट सेवा र कम्प्यूटर प्रविधी जडान कार्य भएको ।

३९. सिन्धुली प्लस, वडा नं. ६को सहकार्यमा वडा नं. ६ मा जनचेतना अभिमुखिकरण कार्यक्रम संचालन भएको ।

४०. मानव अधिकार शिक्षा क्लब, रिलेक, सिन्धुलीको सहकार्यमा मानव अधिकारमुखि विकास पद्धति विषयक अन्तरक्रियात्मक विचार गोष्ठि भएको ।

४१. कमला जनज्योति आधारभुत विद्यालय, वडा नं. १४ मा छात्रवृत्ति वितरण शैक्षिक सामाग्री फर्निचर र खेलकुद सामाग्री खरिद तथा वडा नं. ४, प्रा.वि. केरावारीमा बाल विकास व्यवस्थापन सामाग्री खरिद भएको ।

४२. शहरी स्वास्थ्य क्लिनिक, वडा नं. १२ मा स्वास्थ्य सम्बन्धी सामाग्री खरिद तथा नगर स्वास्थ्य केन्द्र, वडा नं. ४, खट्टारमा नगर स्वास्थ्य केन्द्र व्यवस्थापन साथै सिद्देश्वर स्वास्थ्य चौकी केवरेमा विद्युत जडान, खानेपानी र फर्निचर व्यवस्थापन सम्बन्धी कार्य भएको ।

४३. सबै वडाहरुमा वडा कार्यालय स्थापना गरी वडा कार्यालयबाट नै सेवा प्रवाहको कार्य शुरु गरिएको छ ।

४४. निर्वाचित प्रतिनिधीहरुको लागी आचारसंहिता स्वीकृत गरी लागू गरिएको छ ।

४५. कमलामाई नगरपालिकालाई खुल्ला दिसामुक्त नगर घोषणा गरिएको छ ।

४६. नगरपालिकाको कार्य सम्पादनमा अत्यावश्यक विभिन्न ९ वटा ऐन र १५ वटा कार्यविधी स्वीकृत भई सकेको छ ।

४७. कमलमाई नगरपालिकाको समग्र नगर पार्श्वचित्र (Municipal Profile), कृषि पार्श्वचित्र (Agriculrure Profile) र आवधिक कृषि योजना तयारीको कार्य अगाडी बढाई सकिएको ।

४८. वडा नं. ३ मा बहुउद्देश्यीय नर्सरी स्थापना गरीएको छ ।

४९. बैदेशिक रोजागरीबाट फर्किएका ९ जना युवाहरुलाई व्यवसायीक योजना तर्जुमा गर्न, १५ जना कृषकलाई गड्यौला मल बनाउन, २३ जना कृषक श्रोत व्यक्तिहरुलाई क्षमता अभिवृद्धि तालिम तथा कृषक समुदायलाई विभिन्न किसिमको ज्ञान

सूचना र प्रविधी सम्बन्धी जानकारी मुलक कार्यक्रम संचालन गरिएको साथै सर्लाही, बारा र चितवनको विभिन्न व्यवसायिक कृषि भएको क्षेत्रको अध्ययन गराइएको ।

५०. युवाहरुलाई लक्षित गरी स्थानिय कुखुरा फर्म प्रबर्द्धनको विषयमा जानकारी मुलक कार्यक्रम संचालन गरिएको ।

५१. ७ जना कृषकलाई सिंचाई सामाग्री उपलब्ध गराईएको ।

५२. JICA को सहयोगमा संचालीत SRC-CAP को ५ वटा समुहमा JTA नियुक्ति गरि परिचालन गरेको ।

५३. कनपा ५ र ८ मा २ जना कृषकहरुले १० विगाहामा गोलभेडा खेती गरि रहेको ती कृषकहरुलाई कमलामाई नगरपालिकाबाट व्यबसायिक कृषक बनाउन सहयोग गरेको ।

५४. कमलामाई नगरपालिका वडा नं. ९ र १० मा जोड्ने कमला नदिमा पक्कीपुलको लागि राष्ट्रिय योजना आयोगमा पहल भई रहेको ।

५५. यस नगरपालिकाको वडा नं. ६ मा महिला लघु उद्यमीहरुलाई खुवा वनाउने र फुरनदाना वनाउने मेसिन खरिदको लागि सहयोग गरेको ।

५६. फोहोर वेष्ट कन्भर्ट मेसिन जडान गरेको ।

५७. फोहोर व्यबस्थापन सुदृढिकरणको लागि जलवायू परिवर्तन सम्बन्धि टोल विकास संस्थासँग अन्तरकृया गरेको ।

५८. राजमार्ग लगायत नगरको विषेश सरसफाई गरेको ।

५९. खम्वेचौर क्षेत्रमा वृक्षरोपण गरेको ।

६०. राती फोहोर उठाउने कार्यको शुभारम्भ भएको ।


६१. सवारी साधनमा डस्टविन राख्न लगाउने कार्य र राजमार्गमा फोहोर संकलन डस्टविन राख्ने व्यबस्था भएको ।

६२. २०७५ जेष्ठ १६ गते देखि २२ गते सम्म र जेष्ठ २२ गते देखि २८ गते सम्म विभिन्न कार्यक्रम सहित विश्व वातावरण मनाईएको ।

कमलामाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

सिन्धुली




| हालको वडा | साविक गाविस | साविक वडा |
|---|---|---|
| १ | डाँडीगुराँसे | १-९ |
| २ | भद्रकाली | १-९ |
| ३ | जलकन्या | १-९ |
| ४ | कमलामाई | १,२,५,९ |
| ५ | कमलामाई | ४ |
| ६ | कमलामाई | ६ |
| ७ | कमलामाई | ७,८ |
| ८ | कमलामाई | ३,१० |
| ९ | कमलामाई | ११,१२,१४ |
| १० | कमलामाई | १३,१५-१८ |
| ११ | रानीचुरी | १-३,५ |
| १२ | रानीचुरी | ४,६-९ |
| १३ | रानीवास | १-३,८,९ |
| १४ | रानीवास | ४-७ |

स्थानीय तहमा जनप्रतिनिधि बहाल भएपछि

एक वर्ष भित्र सम्पदन गरिएका कार्यहरु